घोराही उप–महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
घोराही, दाङ, लुम्बिनी प्रदेश, नेपाल

फोन-फ्याक्स :
०८२-५६०१६२
५६०२४३
५६१२६८
५६०७००
बारुण यन्त्र : ०८२-५६०४९९
www.ghorahimun.gov.np

प.स ०७८।०७९
च .न : ३८६१

मिति :२०७८।१०।२०

विषय :- सहभागीको नामावली पठाउने सम्वन्धमा ।

श्री वडा अध्यक्ष ज्यू,
सबै वडा कार्यालय, घोराही उपमहानगरपालिका दाङ ।

प्रस्तुत विषयमा श्रम, रोजगार तथा यातायात व्यवस्था मन्त्रालयको मिति २०७८।१०।१८, च.नं. ३०६ को प्राप्त पत्रानुसार प्रदेश सरकारबाट पुरै खर्च व्यहोर्ने गरी तपसिलको कार्यक्रम संचालन गर्ने भनी सहभागीहरुको विवरण मिति २०७८।१०।२५ गतेभित्र नामावली उपलब्ध गराइदिने भन्ने भएकोले तहाँ वडा कार्यालयबाट २/२ जना सहभागीहरुको नामावली विवरण उपलब्ध गराइ सहयोग गरीदिनुहुन अनुरोध गरिन्छ । साथै श्रम, रोजगार तथा यातायात व्यवस्था मन्त्रालय लुम्विनी प्रदेशको पत्र यसै साथ सलग्न रहेको व्यहोरा अनुरोध छ ।

तपसिल

| क.सं. | कार्यक्रम | तलिमका विषयहरु |
|---|---|---|
| १ | युवालाई स्वरोजगार तुल्याउन सीपमूलक प्रशिक्षण (३ महिने) | अटोमेकानिक्स, मोवाईल मर्मत, सिलाई कटाई |
| २ | विपन्न घर परिवार, मुक्त कमलरी,हलिया, दलित, जनजाती तथा भुमिहिन र मुस्लिम लगायतका लक्षित वर्गलाई सीपमूलक तालिम (३ महिने) | |
| ३ | जनयुद्ध, जन आन्दोलन तथा मधेश आन्दोलनका शहिद, घाइते, वेपत्ता परिवारका लागि प्राविधिक तापलम सशितको उद्यमशिलता विकास गर्न द्वन्द्व प्रभावित परिवार रोजगार कार्यक्रम (१ महिने) | |

..........................
ऋषिराम के.सी.
प्रमुख प्रशासकीय अधिकत

ऋषिराम के.सी.
प्रमुख प्रशासकीय अधिकृत

प्रदेश सरकार

लुम्बिनी प्रदेश

# श्रम, रोजगार तथा यातायात व्यवस्था मन्त्रालय

(श्रम, रोजगार तथा प्रशासन महाशाखा)

मुकाम: बुटवल, नेपाल

पत्र संख्या २०७८।०७९
चलानी नं ३०६

मिति २०७८।१०।१८

विषयः प्रतिवद्धता पठाउने समयावधि थप गरिएको ।

श्री स्थानीय तह (सबै),
लुम्बिनी प्रदेश ।

यस मन्त्रालयबाट मिति २०७८।०९।२९ मा सवै स्थानीय तहहरुलाई पत्राचार गरी यस मन्त्रालयबाट संचालन गरिने तालिम सम्बन्धमा तहाँ स्थानिय तहहरुबाट १५ दिन भित्र प्रतिवद्धता माग गरिएकोमा स्थानीय तहबाट पर्याप्त मात्रामा तालिम सम्बन्धमा माग तथा प्रतिवद्धता प्राप्त नभएको हुदा ७ सात दिनको अवधि थप गरी २०७८।१०।२५ सम्म कायम गरिएकोमा सोहि बमोजिम स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस प्रदेशभित्र तपसिल बमोजिमका कार्यक्रम र विषयमा २० जना सहभागी रहने गरी व्यावसायिक तथा सीपमूलक तालीम सञ्चालन गर्नुपर्ने भएकोले तहाँ स्थानीय तहबाट सञ्चालन गर्न सकिने प्रदेश सरकारबाट पुरै खर्च व्यहोर्नेगरी उल्लिखित उपयुक्त एक विषय सहितको १ कार्यक्रम र कम्तीमा २० प्रतिशत लागत साझेदारीको लागि उल्लिखित उपयुक्त एक विषय सहितको १ कार्यक्रमको प्रतिवद्धता २०७८।१०।२५ गते भित्र पठाउनुहुन अनुरोध छ । अन्य थप विषयका तालीमहरु तहाँ सञ्चालन गर्न आवश्यक भए सो समेत खुलाई पठाउनुहुन अनुरोध छ ।

तपसिल

| सि.नं. | कार्यक्रम | तालीमका विषयहरु |
|---|---|---|
| १ | युवालाई स्वरोजगार तुल्याउन सीपमूलक प्रशिक्षण (३ महिने) | प्लम्वर, हाउस वायरिङ, सिकर्मी र डकर्मी, अटोमेकानिक्स,मोवाइलमर्मत,सिलाईकटाई,हेयरकटिङ,मन्टेश्वरी, ब्युटिसियन,कफिमेकर(वारिष्टा),कुकिङ,हस्पिटालिटी, वेटर,विभिन्न किसिमका बुनाइ, हाते कढाइ,छवाली र बाँसका हस्तकला सामग्री, जडिवुटी तालीम, मौरीपालन, च्याउखेती, सुरक्षागार्ड, होमस्टे,लेखा व्यवस्थापन, साबुन बनाउने, परम्परागत सीपमा आधारित तालीमहरु, कम्प्युटर,पथप्रदर्शक, स्थानीय आवश्यकता अनुसारका अन्य तालीमहरु । |
| २ | विपन्न घरपरिवार, मुक्त कमलरी, हलिया, दलित, जनजाती तथा भूमिहिन र मुस्लिम लगायतका लक्षित वर्गलाई सीपमूलक तालीम (३ महिने) | |
| ३ | जनयुद्ध, जनआन्दोलन तथा मधेस आन्दोलनका शहिद, घाइते, बेपत्ता परिवारका लागि प्राविधिक तालीम सहितको उद्यमशीलता विकास गर्न द्वन्द प्रभावित परिवार रोजगार कार्यक्रम (१ महिने) | |

घोराही उप-महानगरपालिका
दाङ
दर्ता नं. ६६९२
मिति २०७८।१०।२०

तारा ज्ञवाली
उपसचिव